"दिगो विकास समृद्धिको आधार, स्थायित्व र पर्याप्त पूर्वाधार"

# माङसेबुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

इवा, इलाम
कोशी प्रदेश, नेपाल

"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

कोशी प्रदेश

पत्र संख्याः २०८२/०८३
सूचना नं. ०३

मितिः २०८२/०५/१७
ने.सं. ११४५ गलाथ्व दशमी-१०, मंगलवार

## विषयः करारमा सेवा लिने सम्बन्धी सूचना ॥

### प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/१७

माङसेबुङ गाउँपालिकाको लागि कृषि विकास शाखामा वा अन्तर्गत रही कृषि अधिकृतको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै, यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा कार्यालयको वेवसाइट *WWW.mangsebungmun.gov.np* बाट उपलब्ध हुनेछ । रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिनेछैन ।

देहायः

१. विज्ञापन नं. १/२०८२/०८३

| क्र.सं. | पद नाम | संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि अधिकृत (अधिकृतस्तर छैठौं) | १ (एक) | रु. १,०००/- | |

२. आवश्यक योग्यताहरुः

(क) नेपाली नागरिक,

(ख) न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

(ग) उमेरको हदः २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको,

(घ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरुः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि । साथै, पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन र अन्तर्वार्ता ।

५. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम हुने ।

२०८२/०५/१६

(बुद्धि प्रसाद खतिवडा)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासनःविकास, समृद्धि र सुशासन"

Email: mangsebung.ruralmun@gmail.com

Website: mansebungmun.gov.np